शान्ति, सद्भाव र समुन्नती

# सुशील कोइराला स्मृति प्रतिष्ठान

# SUSHEEL KOIRALA MEMORIAL ACCADEMY

च.नः- ५१-०८०/०८१ मितिः २०८०/११/१७

सुनिलस्मृति गाउँपालिकाको कार्यालय
दर्ता नं. १७२२
मिति २०८०/११/१८
समय

श्री प्रमुख ज्यू,
सुनिलस्मृति गाउँपालिकाको कार्यालय,
रोल्पा ।

**विषयः- निःशुल्क स्वास्थ्य शिविर सम्बन्धमा**

प्रस्तुत विषयका सम्बन्धमा सुशील कोइराला स्मृति प्रतिष्ठान लुम्बिनी प्रदेशले नेपाल सरकारका पूर्व प्रधानमन्त्री एवं संविधान पिता स्व. सुशील कोइरालाको ८ औं स्मृति दिवसको सन्दर्भ पारेर लुम्बिनी प्रदेशका पहाडी जिल्लाहरू रोल्पा, अर्घाखाँची, गुल्मी र पाल्पामा विशेषज्ञ चिकित्सक सहितको निशुल्क स्वास्थ्य शिविर आयोजना गर्न लागेको जानकारी गराउन चाहन्छौ । सम्पूर्ण रोगको विशेषज्ञ उपचारको सेवा प्रवाह हुने शिविरमा बिरामीहरूलाई निःशुल्क औषधी वितरण गरिनेछ । शिविरबाट पत्ता लागेका गम्भीर प्रकृतिका बिरामीहरूको लागि सिनामंगल काठमाडौं स्थित काठमाडौं मेडिकल कलेजमा थप उपचारको समेत निः शुल्क प्रबन्ध गरिएको जानकारी गराउदछौं ।

काठमाडौं मेडिकल कलेज, काठमाडौंको प्राविधिक संयोजन र रोल्पा अस्पताल रोल्पाको सह-आयोजनामा हुने उक्त शिविरको व्यवस्थापनको भूमिका निर्वाह गरि दिनु हुनका लागि अनुरोध गर्दछौं । शिविरबाट रोल्पा बासीले ठूलो स्वास्थ्य उपचार र लाभ लिने विश्वास लिएका छौं । शिविरलाई सफल बनाउनको लागि आवश्यक आर्थिक सहयोग, सहजीकरण, समन्वय र त्यस पालिकाका जनता समक्ष सूचना प्रवाह गरि सहयोग गरि दिन हुन समेत अनुरोध गर्दछौं ।

शिविर हुनेः-

मितिः- २०८० फाल्गुन २० र २१ गते

समयः- देउसो १;०० बजेदिखी (२१ गते) र विहान ८: ०० बजेदेखि (२२ गते) - साझ ५:०० बजे सम्म

स्थानः- रोल्पा अस्पताल रेउघा, रोल्पा

योगेन्द्र अनुपम जी.सी
अध्यक्ष

सुनिलस्मृती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सुनचौर, रोल्पा

लुम्विनी प्रदेश, नेपाल

.प.सं.२०८०/०८१
च.नं. १५२८

मितिः२०८०/११/१८
ने.सं११४४ सिल्लागा२० शुक्रवार

श्री जोजससँग सम्वन्ध राख्दछ।

विषयः- जानकारी सम्वन्धमा।

प्रस्तुत विषयमा शुशील कोइराला स्मृति प्रतिष्ठान लुम्बिनि प्रदेशको च.नं.५१ मिति२०८०/११/१७ गते प्राप्त पत्रानुसार मिति२०८०/११/२० र २१ गते रोल्पा अस्पताल रेउघामा विशेषज्ञ चिकित्सकसहितको निशुल्क स्वास्थ्य शिविर सञ्चालन हुन गइरहेको ब्यहोरा जानकारीको लागि अनुरोध छ।

...............
(मोतिम आलम)
नि.प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत